नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १८३ २०७७ साल फागुन ७ गते शुक्रबार (19 Feb. 2021 Friday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : चारकोसे झाडीभित्रको बस्तीः ... ३ पृष्ठमा : महोत्तरीमा यौन ... ३ पृष्ठमा :अमेरिकाले विश्व स्वास्थ्य ...

# तिलाठीमा अन्तर्राष्ट्रिय महिला तथा पुरुष कुस्ती प्रतियोगिता सुरु




**दैनिक समाचारदाता**
**राजविराज, ६ फागुन ।**

सप्तरीको तिलाठीमा बिहीबारदेखी स्व. साकेत चन्द्र मिश्रको स्मृती एवं सम्मानमा ११ औं अन्तर्राष्ट्रिय महिला तथा पुरुष कुस्ती प्रतियोगिता सुरु भएको छ।

तिलाठी कोइलाडी गाउँपालिका १ स्थित विद्यालय प्राङ्गणमा सुरु भएको प्रतियोगितामा नेपाल तथा छिमेकी राष्ट्र भारतका २० महिला तथा ६२ पुरुष खेलाडीहरुको सहभागिता रहेको छ ।

पहिलो दिन नेपाली पहलमानहरुले पुरुषतर्फका सबै प्रतिष्पर्धा जितेका छन् भने महिलातर्फ भएको एक खेलमा भारतीय खेलाडी बिजयी भएका छन् ।

बि.स. २०४२ सालमा राजतन्त्र बिरुद्धको आन्दोलनमा ज्यान गुमाएका तिलाठी निवासी स्व. साकेत चन्द्र मिश्रको स्मृती एवं सम्मानमा आयोजित प्रतियोगिता चार दिनसम्म चल्ने आयोजक समितिले जनाएको छ ।

सरस्वती पूजनोत्सव तथा बसन्त पंचमीको मेलाको अवसर पारेर विगत ११ वर्षदेखी तिलाठीमा नियमित पूजा तथा मेला समितिद्वारा अन्तर्राष्ट्रिय स्तरको कुस्ती प्रतियोगिताको आयोजना गरिदै आएको छ ।

गाउँपालिका, स्थानियवासी तथा नेपाल पर्यटन बोर्डको सहयोगमा संचालित प्रतियोगिताको प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साहले उद्घाटन गरे ।

उद्घाटन गर्दै मन्त्री साहले देशकै प्रतिष्ठा बढाउने खेलकुदमा लागेका खेलाडीहरुका लागि राज्य पक्षबाट उचित सुविधा र प्रोत्साहन दिन नसकिरहेको अवस्थामा पनि प्रदेश सरकारले

***बाँकी अन्तिम पृष्ठमा***

# तेइस सय अनलाइन सञ्चारमाध्यम दर्ता

काठमाडौँ, ६ फागुन (रासस) ।

पछिल्लो समयमा अनलाइन सञ्चारमाध्यमको सङ्ख्या बढ्दै गएको छ । सूचना तथा प्रसारण विभागका अनुसार चालु आर्थिक वर्षमा (साउन ६९, असोज ९१, मङ्सिर १६१, पुस ११७ र माघ पहिलो सातासम्म ४०) ४७८ वटा नयाँ अनलाइन दर्ता भएका छन् ।

आव २०७५/०७६ मा ५५० वटा अनलाइन नयाँ दर्ता गरिएको छ भने १७ वटा पुनः दर्ता गएिको छ । दुई सय ७२ नवीकरण गरिएको छ । त्यसैगरी आव ०७६/०७७ मा ५६१ नयाँ अनलाइन दर्ता गरिएको छ । सो अवधिमा २७२ वटा नवीकरण गरिएको छ । हालसम्म दुई हजार ३२५ अनलाइन दर्ता भएका छन् ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष गोविन्द आचार्यले पछिल्लो समयमा अनलाइन पत्रकारिता मूलधारको पत्रकारिताको रूपमा विकास भएका कारण पनि व्यावसायिक र विश्वसनीय बन्न जरुरी रहेको बताउनुभयो । उहाँले भन्नुभयो, “अहिले अनलाइन पत्रकारिता मूलधारको पत्रकारिता बनेको छ तर यसको सङ्ख्या बढ्यो गुणस्तर भने बढ्न सकेन, सबै होइन, कतिपय अनलाइनले पत्रकार आचारसंहिता विपरीत समाचार प्रकाशन गरिएको पाइएको छ, त्यसलाई आचारसंहिता पालना गराउँदै नियमन गर्नुपर्छ ।”

दैनिक, अर्थ साप्ताहिक, साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक, चौमासिक, अर्थ वार्षिक र वार्षिक गरी सात हजार ८०७ पत्रपत्रिका दर्ता गरिएको छ । प्रसारण विभागका अनुसार हालसम्म एक हजार १२७ एफएम रेडियो र २०२ टेलिभिजन च्यानलले इजाजत पाएका छन ।




# निर्वाचन आचारसहिता कार्यान्वयन सम्बन्धी अन्तरक्रिया सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ६ फागुन ।**

जिल्ला निर्वाचन कार्यालय सप्तरीले बिहीबार निर्वाचन आचारसहिता कार्यान्वयन बारे सरोकारबालाहरुको भूमिका विषयक अन्तरक्रिया सम्पन्न गरेको छ ।

पाँचौ निर्वाचन दिवसको अवसरमा कार्यालयले निर्वाचनमा सँगै, सधै, सँगै मुलनारा राखी निर्वाचन आचार सहिता कार्यान्वयमा सरोकारबालाहरुको भुमिका सम्बन्धी अन्तरक्रिया गरेको हो ।

नयाँ बन्ने आचार संहिताको मस्यौदामा पार्टीहरुले सञ्चार माध्यममार्फत गरिने प्रचार प्रसारमा सिमितता, पार्टीले लिने चन्दा र खर्च समेत बैंक मार्फत गर्नु पर्ने बाध्यात्मक व्यवस्था र सोको सिमितता, भोट माग्न जाने उम्मेदवारले प्रयोग गर्ने सवारी साधनमा मुख्यपात्रले हेलिकप्टर प्रयोग गर्ने सक्ने सम्मको व्यबस्था लगायत पहिलेको भन्दा यसपालिको अचार संहितामा केही फरक र संशोधितजतस् व्यवस्था आयोगले गर्न लागेको निर्वाचन कार्यालय सप्तरीका अधिकृत रमेश कुमार जोशीले जानकारी दिएका छन् ।

अन्तरक्रियामा मतदाता शिक्षा, मतदानमा अधिक भन्दा अधिक मतदाताको सहभागिता, बदर मत घटाउने उपायलागयत शान्तिपुर्णा तरिकाले चुनाव सम्पन गर्ने लगायतका विषयहरुमा समेत कार्यक्रमका सहभागीहरुले प्रतिबद्धता जनाएका छन् ।

सरकारले तोकेको वैशाख १७

***बाँकी अन्तिम पृष्ठमा***

## सम्पादकीय

# प्राकृतीक विपद आउनुपूर्व तयारी आवश्यक

हरेक वर्ष सप्तरीमा प्राकृतीक विपद्का कारण करोडौं धनमालको क्षति हुनुका साथै मानिस, चौपायको मृत्यु हुने गरेको छ । प्राय गरि यस जिल्लामा हावाहुरीका कारण आगलागि तथा अत्याधिक वर्षाका कारण बाढीबाट प्रभावित हुन्छ । फागुनदेखी बैशाख महिनासम्म हावाहुरी चल्ने मौसम हो । जिल्लाका ग्रामिण भेगमा अधिकांश फसको घर रहेको छ । बिहानैदेखी चल्ने हावाहुरीका कारण खाना पकाउने क्रममा, मच्छर धपाउने क्रममा अथवा आवश्यक सावधानीको अभावमा आगलागि हुने गरेको छ ।

यस्तो अवस्थामा ग्रामिण भेगका जनतालाई जनचेतनामूलक सन्देश तथा आवश्यक सावधानी दिनु अति आवश्यक छ । जसले गर्दा प्राकृतीक विपद्बाट हुने क्षति न्युन होस् । यस्तै बाढीका कारण पनि निकै जोखीममा रहेको छ यो जिल्ला । जिल्लाको खाँडो, जिता, कोशी, त्रियुगा, बलान लगायतका खोला नदीमा वर्षाको समयमा पानीको उच्च बहाव हुन्छ । यी नदीहरुमा पानीको उच्च वहाव भएपछि मानवबस्ति डुवानमा पर्ने खतरा उत्पन्न हुन जान्छ ।

यसरी जिल्ला प्राकृतीक विपद्को उच्च जोखिममा रहेकोले विपद् आउनु अघि पूर्व तयारी आवश्यक छ । तसर्थ यसका लागि उच्च जोखिममा रहेका स्थानिय पालिका लगायत सम्बन्धीत निकायले ठोस कदम उठाउनु अति आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# चारकोसे झाडीभित्रको बस्तीः जहाँ प्रजातन्त्रको अनुभूति देखिएन

वीरगञ्ज, ६ फागुन (रासस) ।

जहानियाँ राणाशासनको अन्त्य भएपछि देशमा प्रजातन्त्र आएको झण्डै ७० वर्ष हुन लागेको छ । तर प्रजातन्त्रको अनुभूति गर्न नसकेका मुलुकमा धेरै गाउँबस्ती रहेका छन् । नेपाली जनताको चाहना मुलुकको आर्थिक रुपान्तर नै हो ।

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अङ्गिकार गर्दै न्याय र समानतामा आधारित समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिएको छ । यसलाई प्रजातन्त्रको ठूलो उपलब्धिको रूपमा लिन सकिन्छ ।

'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा हासिल गर्न प्रजातन्त्र दिवसले थप ऊर्जा प्रदान गर्दछ । देशमा राजनीतिकस्थिरता कायम भएसँगै विकास र समृद्धिका ढोका खुल्ने विश्वास आम नागरिकले लिएको थियो । तर पछिल्लो राजनीतिक घटनाक्रममले मुलुकमा पुनः राजनीतिक अस्थिरता उत्पन्न भएको छ । यसले जनताको विकास र समृद्धिको चाहना पूरा हुन सक्दैन भन्ने आशंका उत्पन्न भएको छ । प्रजातन्त्र दिवसले भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधिनता र नेपाली जनताको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई अझै सुदृढ पार्दै देशलाई विकास र समृद्धिको मार्गमा अगाडि बढन प्रेरणा दिइने विश्वास आम नागरिकको छ ।

जनताको चाहना अनुरुप देश सफलताको दिशामा अगाडि बढिरहेको छ । विसं २००७ फागुन ७ गतेको दिनलाई नेपालको इतिहासमा नयाँ युगको आरम्भ भएको दिनको रूपमा सम्झिने गरिन्छ । जनताको बलिदानीद्वारा शासन प्रणालीको पात्रो बदलिएको यस ऐतिहासिक दिनको अवसरमा मध्ययुगीन सामन्ती व्यवस्थाको अन्त्य भई नयाँ युगको प्रवेश भएको मानिन्छ । यसले नयाँ युगको प्रवेशसँगै नेपालमा प्रजातन्त्रको उदय भई बलियो राष्ट्रियताको आधारशिला खडा भएको छ ।

नेपालमा १०४ वर्षसम्म चलेको जहानियाँ राणाशासन अन्त्य भई मुलुकमा प्रजातन्त्र उदय भएको बिहीबार ७१ वर्ष भएको छ । प्रजातन्त्र प्राप्तिका लागि नेपाली कांग्रेसको आह्वानमा शुरु भएको सशस्त्र सङ्घर्षमा मुक्ति सेनाले देशका प्रमुख शहरमा कब्जा गऱ्यो । तत्कालीन राजा त्रिभुवन, नेपाली कांग्रेस र राणाबीच त्रिपक्षीय सम्झौतासँगै फागुन ७ गते देशमा प्रजातन्त्र स्थापना भएको हो । विसं २००७ मा रोपिएको प्रजातन्त्रको बिरुवा २०१७ सालमा राजा महेन्द्रले निमोठेपछि ३० वर्षसम्म देशमा एकदलीय पञ्चायती व्यवस्था चलेको थियो । विसं २०४६ को जनआन्दोलन, नेकपा माओवादीको सशस्त्र सङ्घर्ष, २०६२/६३ को आन्दोलनले नेपालमा २४० वर्षको शाही शासन अन्त्य गर्दै देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना गरेको छ ।

आम नेपाली जनताको अथक प्रयासपछि मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था त लागू भयो तर देशभित्र कतिपय यस्ता गाउँबस्ती रहेको छ, जहाँका जनताले प्रजातन्त्रको अनुभूतिसम्म हासिल गर्नसकेका छैनन् । यस्तै बस्तीमध्ये एउटा बस्ती हो, सुकुम्वासी बस्ती । पूर्व-पश्चिम राजमार्गको प्रदेश नं २ अन्तर्गत रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका-६ लमहा टोलस्थित चारकोशे झाडीभित्रका सुकुम्वासी बस्ती । करीब ३५ वर्षको लामो इतिहास बोकेको यो बस्तीका बासिन्दा अति आवश्यकपर्ने विद्युत्, खानेपानी, स्वास्थ्य र शिक्षाजस्ता पूर्वाधारबाट कोसौं टाढा रहेको छ । त्यहाँका बासिन्दा भन्छन्, देशमा प्रजातन्त्र आयो, ठूल्ठूला परिवर्तन भए, लोकतन्त्रको स्थापना पनि भयो तर यो बस्तीको अनुहार भने फेरिएन । बस्तीमा परिवर्तन नहुँदा सुकुम्वासी आफूलाई आदिमकालीन बासिन्दाको रूपमा लिने गरेको छ ।

करीब २० घरधुरी रहेको यो बस्ती राष्ट्रिय वन क्षेत्रको चुरे जङ्गलमा बसाइएको एउटा अति पुरानो बस्ती हो । राजनीतिक दलको लागि भोट बैंकको रूपमा रहेको यहाँका सुकुम्वासीले पटकपटक निर्वाचित जनप्रतिनिधिलाई विकासको लागि गुहारे पनि समस्या जस्ताको त्यस्तै रहेकाले लोकतन्त्रको अनुभूति पाउन नसकेको उनीहरूको गुनासो छ । कैयौ पटक चुनावको समयमा हाम्रो समस्या पूरा गर्ने वाचा गरी चुनाव जितेर जाने जनप्रतिनिधि फर्केर आउदैनन् सो बस्तीका ६५ वर्षीया फुलमाया पहरीले राससस‌ँग पीडा पोख्दै भन्नुभयो, "नेताहरूले भोट लिएर जाने तर दिएको आश्वासन पूरा नगर्ने भएकाले लोकतन्त्र कुन चरीको नाम हो हामीलाई थाहाँ छैन ।"

त्यतिमात्र होइन यस बस्तीमा खानेपानीको व्यवस्था नहुँदा यहाँका बासिन्दा लमहा खोलाको धमिलो पानी खान बाध्य रहेको छ । विद्युत् पहुँचबाट टाढा रहेका यहाँका बासिन्दा अझैपनि लालटिन युगमै रुम्मलिरहेका छन् । यहाँका करीब दुई दर्जन सुकुम्वासी बालबालिका विद्यालयको अभावमा दिनभरी जङ्गलमा दाउरा, स्याउला बटुल्ने काम नै दिनचर्याको रूपमा रहेको अर्का सुकुम्वासी रामलाल पहरीको भनाइ छ । जङ्गल छिचोलेर करीब २० किलोमिटर पूर्वको चन्द्रनिगाहपुर तथा १५ किलोमिटर पश्चिमको निजगढ बजार किनमेलका लागि जाँदा त्यहाँको बैभव, ठूलठूला घर देखेपछि मात्र शहरमा लोकतन्त्र आएको अनुभव उनीहरूको भए पनि आफ्नो बस्ती विकासबाट टाढा रहेकाले लोकतन्त्रको अनुभूति भने गर्न नसकेको बुझाइ सुकुम्वासीको छ ।

विसं २०४४ तिर मकवानपुरको डाँडडुडे गाउँबाट बस्ती हटाएपछि उनीहरू त्यस जङ्गलमा आश्रय लिएका छन् । ६० वर्षीय खेमलाल पहरीले भन्नुभयो, "तत्कालीन वनमन्त्री हेमबहादुर मल्लको पालामा पहाडको बस्ती हटाएर कटानी गाउँमा विस्तार गरे पनि त्यसबेला हुने खानेले धडेरी पाए तर हामीले जग्गा नपाउँदा सुकुम्वासी भएर बस्नुपर्ने भएकाले हाम्रो लागि के प्रजातन्त्र, के लोकतन्त्र केही आउन नसकेको उनीहरूको गुनासो छ ।

उक्त बस्तीको विकास नहुँदा लोकतन्त्रको अनुभूति हुन नसकेकोबारे जिज्ञासा राख्दा चन्द्रपुर नगरपालिकाको प्रमुख रामचन्द्र चौधरीले सो बस्ती राष्ट्रिय वन क्षेत्रभित्र परेकाले त्यहाँ विकास गर्न कानूनी अड्चन आएको बताउनुभयो । यता राष्ट्रिय वनक्षेत्रभित्र रहेको उक्त बस्तीमा विद्युत्, खानेपानी, स्वास्थ्य, शिक्षालगायतका पूर्वाधारको विकास गर्न कानूनी रूपमा नमिल्ने भएकाले सोको विकास गर्न जनप्रतिनिधिपछि हटेको स्थानीयवासीको भनाइ छ । चुनावको बेला नेताहरूले यहाँका समस्या सबै पूरा गर्ने वाचा गरेर भोट माग्ने गरेको भएपनि पूर्वाधारको विकास गर्ने मुख्य कार्यसूची नेताको खल्तीमै रहने गरेकाले ती बस्ती पुरानो अवस्थामा रहेको छ ।

सुकुम्वासी बस्ती पनि नेपालकै हो भन्ने रौतहटका जनप्रतिनिधिले अनुभव गर्न नसकेकाले त्यहाँका बासिन्दाले लोकतन्त्रको अनुभूति गर्न नसकेको हो । तर यस सन्दर्भमा यहाँका राजनीतिक दल र त्यसका नेताको उदाशीनताका कारण उक्त बस्ती एकाइसौं शताब्दीमा पनि विकास र पूर्वाधारबाट टाढा रहेकाले प्रजातन्त्र तथा लोकतन्त्रको फल पाउनसकेका छैनन् । चन्द्रपुरवासी एकैस्वरमा भन्छन्, "लोकतन्त्र त ठूलावडाको लागि पो हो ? त्यस कारण कारुनिक जीवनयापन गरिरहेका ती चारकोशे झाडीभित्रका सुकुम्वासीलाई लोकतन्त्रले छुन नसकेको हो ।"

यसैगरी बारा जिल्लाको तेलकुवास्थित मुसहर बस्तीमा अभाव र पीडाको कारण त्यहाँका दलितहरूले लोकतन्त्रको अनुभूति भने गर्न सकेका छैनन् । १६० घरधुरी रहेको मुसहर बस्तीको अधिकांश घरका बालबालिका उही थोत्रो लुगा लगाएको, फोहरमैलामा खेलिरहेकाले बस्तीमा भने लोकतन्त्र नआए जस्तो भान भइरहेको छ । स्थानीयवासी बाबुलाल माझीले भन्नुभयो, "दुई छाक टार्न धौधौ हुन्छ, बच्चा नाङ्गै छन्, केको लोकतन्त्र हुनु । हाम्रो लागि त लोकतन्त्र होइन, दशा पो रहेछ ।"

गाउँकै बस्तीमा रहेका ठूलठूला घरमा पो लोकतन्त्र आएको छ । मीठो मसिनो खाने र नयाँनयाँ लुगा लगाउने कसलाई मन पर्दैन, बस्तीका भरछिया माझीले भन्नुभयो । "हामीले आफना बालबालिकालाई दुई छाक दालभात तरकारी खुवाउनु भनेको सपना जस्तो भएको छ", उहाँले भन्नुभयो । ती बस्तीका बालबालिका मासुको एक चोक्टा पनि नदेख्दा नदीखोलामा चहार्दै माछा, घोघही र गङ्गटो मार्न यताउता भौतारिरहेको देखिन्छ । उक्त दलित बस्तीमा राससकर्मी पुग्दा अधिकांश बालबालिकाको शरिरभरी कपडा थिएन । त्यहाँका बुढापाकाको एउटै भनाइ थियो, "हाम्रा बालबालिकको बाँच्ने परिवेश यस्तै हो, न त पेटभरी खाना नै हुन्छ न त राम्रो तथा सुकिला कपडा नै हुन्छ ।" उनीहरू भन्छन्, "सबै मीठो मसिनो खाइरहेका छन् तर हाम्रो घरमा चुला बाल्ने स्थिति छैन ।ठूलावडाका घर तथा शहर बजारमा मात्र लोकतन्त्र देख्न पाइन्छ ।"

# क्रियाशील सदस्यता आगामी असार ७ गतेभित्र टुङ्गो लगाइने

काठमाडौँ, ६ फागुन (रासस) ।

नेपाली कांग्रेसले पार्टीको १४औँ महाधिवेशन तयारीका लागि क्रियाशील सदस्यताको नामावलीको अन्तिम सूची आगामी असार ७ गते केन्द्रीय निर्वाचन समितिलाई बुझाउने तयारी गरेको छ ।

कांग्रेसले महाधिवशेनको नयाँ मिति आगामी भदौ ७ देखि १० गतेसम्म प्रस्ताव गरेसँगै क्रियाशील सदस्यतासम्बन्धी विवाद समाधानका लागि पनि नयाँ कार्यतालिका प्रस्ताव गरेको छ । कांग्रेसले यसअघि महाधिवेशन यही फागुन ७ देखि १० गतेसम्म गर्ने गरी कार्यतालिका निर्धारण गरे पनि कोभिड-१९ सङ्क्रमणका कारण प्रभावित भएपछि नयाँ कार्यतालिकाबारे निर्णय गर्न केन्द्रीय समिति बैठक बोलाएको हो ।

बुधबार बसेको कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकमा पार्टीका महामन्त्री पूर्णबहादुर खड्काले केन्द्रीय कार्यालयले केन्द्रीय सभापतिबाट प्रमाणित क्रियाशील सदस्यताको नामावलीको अन्तिम सूची केन्द्रीय असार ७ गते पार्टीको निर्वाचन समितिलाई बुझाउने अवधि प्रस्ताव प्रस्तुत गर्नुभएको हो ।

त्यसअघि विधानले तोकेको कार्यविधि बमोजिम क्रियाशील सदस्यताको नयाँ र नवीकरणका लागि यही फागुन २८ गते, क्रियाशील सदस्यता नवीकरणको सूची जिल्ला कार्यसमितिले प्रकाशित गरी केन्द्रमा पठाउने अवधि चैत १० गते र नयाँ क्रियाशील सदस्यता वितरण सम्बन्धमा जिल्लास्तरीय छानबिन समितिमा परेका उजूरी उपर छानबिन गरी केन्द्रमा पठाउनुपर्ने अवधि चैत मसान्तसम्म प्रस्ताव गरिएको छ ।

सो समितिले गरेको निर्णय उपर परेको पुनरावेदन तथा क्रियाशील सदस्यता केन्द्रीय छानबिन समितिमा परेका उजूरीसहित निर्णय गरी सदस्यताको नयाँ र नवीकरणको अन्तिम सूची तयार गरी केन्द्रीय सभापतिलाई बुझाउने अवधि जेठ मसान्त प्रस्ताव गरिएको छ ।

यसैगरी समायोजन हुन बाँकी जिल्लाको पार्टीको अन्तरिम संरचना

*बाँकी तीन पृष्ठमा*

# महोत्तरीमा यौन हिंसाको घटनामा वृद्धि

जलेश्वर, ६ फागुन (रासस)।

विगत सात महिनाको अवधिमा महोत्तरीमा ४१ वटा यौन हिंसाका घटना घटेका छन्।

जिल्ला प्रहरी कार्यालय मुद्दा शाखाका अनुसार आर्थिक वर्ष २०७७/७८ को साउनदेखि माघ महिनासम्म जिल्लामा ४१ वटा यौनहिंसाका घटना घटेका हुन्। महोत्तरीका प्रहरी उपरीक्षक टीकाबहादुर केसीले सो अवधिमा ३१ जबर्जस्ती करणी र १० जबर्जस्ती करणी प्रयासका घटना गरी जम्मा ४१ यौनहिंसाका घटना घटेको जानकारी दिनुभयो। उहाँका अनुसार जबर्जस्ती करणीमा ४५ जना संलग्न छन् भने १० जबर्जस्ती करणी उद्योगमा १३ जना संलग्न छन्। यसरी जम्मा ५८ जनाले ४१ यौनहिंसाका घटना घटाएका छन्।

जिल्ला प्रहरी कार्यालयका अनुसार जबर्जस्ती करणीको घटनामा संलग्न ४५ मध्ये २२ जनालाई र जबर्जस्ती करणी उद्योगका घटनामा संलग्न १३ मध्ये आठ जनालाई पक्राउ गरी आवश्यक कानूनी कारवाही प्रक्रिया अगाडि बढाएको छ। दुवैथरीका घटनामा २८ प्रतिवादी अझै फरार रहेका तथा उनीहरूको खोजतलास भइरहेको प्रहरी उपरीक्षक केसीले बताउनुभयो। यौनहिंसामा पर्ने अधिकांश महिला तथा युवायुवती २० वर्ष मुनिका र कोही कोही २४ वर्षसम्मको रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

यौनहिंसाका घटना घर, डेरा, होटल, टोल छिमेक, वन सबैतिर भएको तथ्याङ्कले देखाएको छ। यस सन्दर्भमा महिला अधिकारकर्मी रेखा झाले विगत केही दिनदेखि जिल्लामा अप्रत्याशित रूपमा यौनहिंसाका घटना बढ्दै गइरहेको बताउनुभयो। जिल्लामा दिनानुदिन यौनहिंसाका घटना बढ्दै जानुमा विभिन्न कारण रहेको बताउँदै उहाँले यौनहिंसाजस्ता गतिविधिमा लागेका युवा तथा पुरुषलाई कडाभन्दा कडा कानूनी कारवाही गर्नुपर्ने माग गर्नुभयो।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सहयोगी रञ्जु बरालले आधुनिकताको नाउँमा भड्किलो पहिरन, अश्लिल गीत, आवश्यकताभन्दा बढी खुलापन र सीमा नाघेर गरिएको मानवता विपरितका क्रियाकलाप यौनहिंसाका कारक तत्व रहेको भन्दै यस्ता घटनामा संलग्न जो कोहीलाई पनि कडाभन्दा कडा कारवाही हुनुपर्ने बताउनुभयो। उहाँले यस्ता घटनामा संलग्न व्यक्तिलाई प्रहरी, प्रशासन तथा न्यायिक निकायका साथै समाजले पनि बिना पूर्वाग्रह शून्य सहनशीलता अपनाइ दण्ड र सजायको भागिदार बनाइनुपर्नेमा जोड दिनुभयो।

कोभिड -१९ को सन्त्राससँगै सरकारले घोषणा गरेको लकडाउनको समय पनि महिला हिंसाका घटनामा वृद्धि भएको छ। यसबीचमा महिला घरेलु यौन हिंसाको समेत शिकार भएका छन्। लकडाउनले घर बाहिर निस्कने अवस्था नहुँदा हिंसा सहेर बसेको सरोकार पक्षको भनाइ छ।

घटना प्रशस्त भए पनि जिल्ला प्रहरी कार्यालयले सञ्चालन गरेको महिला तथा बालबालिका सेलमा भने उजुरी थोरै परेका छन्। उजुरी गर्नेहरू पनि सदरमुकाम आसपासका पीडित रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। “यस अवधिमा पतिबाट कुटपिटमा परेर हिंसा भोगिरहेका महिलाहरूको सङ्ख्या धेरै देखिएको छ”, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सहयोगी रञ्जु बरालले भन्नुभयो।

लकडाउनका कारण घर बाहिर निस्कन सक्ने अवस्था नभएकाले कतिपय महिला हिंसा लुकाउन बाध्य भएको उहाँको भनाइ छ। “स्थानीय तहको न्यायिक समिति, स्थानीय प्रशासन र अदालतमा गएर उजुरी गर्ने वातावरण नहुँदा महिलाहरू हिंसा सहन बाध्य छन्, उहाँले भन्नुभयो, “नजिकको प्रहरी युनिटमा समेत उजुरीपश्चात् छलफल गर्ने वातावरण छैन।” यस अवधिमा मादक पदार्थ सेवन गरेर श्रीमतीमाथि कुटपिट गर्ने खालको घरेलु हिंसाका घटना बढी देखिएको उहाँको भनाइ छ।

सामान्य भन्दा यस्तो अवस्थामा हिंसाका घटना बढी मात्रामा हुने र शारीरिक श्रम नगरेर घरमै बसिरहँदा आपराधिक मानसिकता भएकाहरूले यस्तो बेला हिंसाका घटना गराउने गरेको प्रहरी उपरीक्षक केसीको भनाइ छ। उहाँका अनुसार जस्तोसुकै अवस्थामा पनि प्रहरी यस्ता घटना नियन्त्रणका लागि सजग छ।

### *क्रियाशील ...*

समायोजन गरी सक्नुपर्ने अन्तिम अवधि यही फागुन १५ गते प्रस्ताव गरिएको कांग्रेस मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो। केन्द्रीय कार्यसमितिको बिहीबार दिउँसो ३ बजे बस्ने बैठकमा सो बारेमा थप छलफल गरी टुङ्गो लगाइने पार्टी कार्यालयले जनाएको छ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मलः** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### अमेरिकाले विश्व स्वास्थ्य सङ्गठनलाई २० करोड सहयोग गर्ने

वासिङ्टन, ६ फागुन (रासस/सिन्ह्वा)।

संयुक्त राज्य अमेरिकाले विश्व स्वास्थ्य सङ्गठनलाई आर्थिक सहयोग गर्ने भएको छ। विश्व स्वास्थ्य सङ्गठनलाई यसअघि अमेरिकाले दिँदै आएको सहयोग रोकेको थियो। पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले विश्व स्वास्थ्य सङ्गठनलाई दिँदै आएको सहयोगमा शुरुमा कटौती गर्नुभएको थियो र पछि सहयोग रकम रोक्नुभएको थियो।

अमेरिकाका विदेशमन्त्री एन्टोनी ब्लिंकेनले बुधबार अमेरिकाले विश्व स्वास्थ्य सङ्गठनलाई २० करोड अमेरिकी डलर सहयोग गर्ने इच्छा व्यक्त गर्नुभएको थियो।

उहाँले अमेरिकाले सो रकम यसै महिनाको अन्त्यसम्ममा विश्व स्वास्थ्य सङ्गठनलाई दिने भएको जानकारी बुधबार दिनुभएको छ। संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को एक बैठकमा उहाँले सो कुरा बताउनुभएको हो। बुधबार उहाँले भन्नुभएको थियो, अमेरिकाले विश्व स्वास्थ्य सङ्गठनलाई २० करोड जति अमेरिकी डलर रकम उपलब्ध गराउन लागेको हो।

विदेशमन्त्री एन्टोनीले अमेरिकाको एउटा दायित्व अन्तर्गत नै हामीले विश्व स्वास्थ्य सङ्गठनलाई यो रकम उपलब्ध गराउन लागेको हो भन्नुभएको थियो। हालको विश्वव्यापी महामारीका क्रममा विश्व स्वास्थ्य सङ्गठनलाई बजेट आवश्यक परेको महसुस भएको र सोही अनुसार यो रकम उपलब्ध गराउन लागेको उहाँले बताउनुभयो।

गत वर्ष मात्र अमेरिकी राष्ट्रपति ट्रम्पले विश्व स्वास्थ्य सङ्गठनलाई दिएको सहयोग रोक्ने मात्र नभएर सो सङ्गठनबाट अमेरिका बाहिरिएको निर्णय गर्नुभएको थियो।यो निर्णयको सर्वत्र विरोध भएको थियो। अमेरिकाभित्रै र बाहिर पनि सो निर्णयको विरोध भएको बताइएको थियो।

पछि अमेरिकाको राष्ट्रपतिमा जो बाइडेन आएपछि अमेरिका विश्व स्वास्थ्य सङ्गठनको सदस्यबाट बाहिरिने निर्णय खारेज गर्नुभएको थियो। जो बाइडेनले राष्ट्रपति पदको कार्यभार सम्हालेकै दिनमा नै उहाँले अघिल्लो ट्रम्प प्रशासनको सो निर्णय उल्टयाउनुभएको थियो।

### भारतमा कोभिड-१९ विरुद्धको खोप ९४ लाखभन्दा बढीले लगाए

नयाँदिल्ली, ६ फागुन (रासस/सिन्ह्वा)।

भारतमा गत जनवरी १६ देखि कोभिड-१९ विरुद्धको खोप कार्यक्रम शुरु भएको छ। सो दिनदेखि हालसम्म ९४ लाखभन्दा बढी व्यक्तिले खोप लगाइसेकेका छन्। कोरोना भाइरसविरुद्ध खोप लगाउनेमा प्रायःस्वास्थ्यकर्मी रहेका समाचारमा जनाइएको छ।

यहाँ कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बुधबारसम्म एक करोड सात नौ लाख ५० हजारभन्दा बढी पुगेको छ। विगत २४ घण्टाको अवधिमा भारतमा १२ हजार ८८१ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड नौ लाख ५० हजार २०१ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीबार जनाएको छ।

भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण १०१ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५६ हजार १४ जना पुगेको छ।

मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड छ लाख ५६ हजारभन्दा बढी व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ . हाल भारतमा एक लाख ३७ हजार ३४२ जना सक्रिय सङ्क्रमित रहेका छन्। भारतको राष्ट्रिय राजधानी दिल्लीमा बुधबार १३४ जना थप व्यक्तिमा कोरोना भाइरसका सङ्क्रमण देखिएको छ।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले बुधबारसम्म देशभर २० करोड ८७ लाख तीन हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ। बुधबार एकै दिनमा मात्र सात लाख २६ हजारभन्दा बढी व्यक्तिलाई कोभिड-१९ परीक्षण गरेको जनाइएको छ।

### विष्फोटमा परी चार बालबालिकाको मृत्यु

कम्पाला, ६ फागुन (रासस/सिन्ह्वा)।

युगान्डा उत्तरपश्चिमी जिल्ला आद्जुमनीको माजी दोस्रो शरणार्थी बस्तीमा बिहीबार भएको ग्रेनेड विष्फोटमा परी चार बालबालिकाको मृत्यु भएको छ।

बालबालिकाले विस्फोटक पदार्थलाई उठाएर घरमा लगेका र त्यहाँ अन्य बालबालिकासँग सामेल भएका स्थानीय प्रहरी अधिकारीले जानकारी दिएका छन्।

उक्त बम विस्फोट हुँदा बालबालिका ग्रेनेड काट्ने कोशिस गरिरहेका थिए। तीन बालबालिकाको घटनास्थलमै मृत्यु भएको थियो। अन्य छ जना गम्भीर घाइते भएका प्रहरीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

घाइतेमध्ये एक बालकको मृत्यु भएको जनाइएको छ। घाइते अन्य पाँच बच्चालाई थप उपचारको लागि आद्जुमनी अस्पतालमा सारिएको बताइएको छ।

संयुक्तराष्ट्र सङ्घ शरणार्थी निकायको तथ्याङ्कअनुसार माजी दोस्रो शरणार्थी बस्तीमा छिमेकी राष्ट्र दक्षिण सुडानबाट आएका १७ हजारभन्दा बढी शरणार्थी रहेका छन्।

# प्रत्येक वडा कार्यालय, विद्यालय र घरघरमा इन्टरनेट पुऱ्याउने

काठमाडौँ, ६ फागुन (रासस)।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले सरकारको आगामी नीति/कार्यक्रम र बजेटमा पत्रकारिता क्षेत्रबाट समावेश गर्नुपर्ने विषयबारे सुझाव दिन आग्रह गर्नुभएको छ। मन्त्रालयद्वारा यहाँ बिहीबार आयोजित पत्रकारसँगको अन्तर्क्रियामा मन्त्री गुरुङले सञ्चार क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताउँदै सुझावको माग गर्नुभयो। उहाँले भन्नुभयो,"सञ्चार क्षेत्रमा नीतिगत सुधारसँगै थुप्रै सुधार गर्नुपर्ने छ, त्यसका लागि सञ्चार क्षेत्रका विज्ञहरूको सुझावको आवश्यकता छ।"

सरकारका प्रवक्ता गुरुङले दूरसञ्चारमा देखिएका समस्याका कारण पनि दुर्गम जिल्लाका पत्रकारले समस्या भोग्नुपरेको विषयलाई जतिसक्दो चाँडो सम्बोधन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले प्रत्येक वडा कार्यालय, विद्यालय र घरघरमा इन्टरनेट पुऱ्याउने सरकारको योजना सुनाउनुभयो। "सबैलाई एउटै डालोमा राखेर हेर्नु हुँदैन तर पत्रकारितामा अराजकता र विकृति मौलाउँदै गएको छ, विश्वसनीयतामा प्रश्न उठ्न थालेको छ, यसको पनि गुणस्तर मापन गर्नुपर्ने बेला आएको छ।"

सो अवसरमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष गोविन्द आचार्यले महासङ्घ सधैँभरि पत्रकारको अधिकारका निम्ति लड्दै आएको र आगामी दिनमा पनि लडिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो। विज्ञापन बोर्डका सदस्य बलराम थापाले प्रत्येक जिल्लाको सुझावका आधारमा लोककल्याणकारी विज्ञापनमा देखिएको समस्या समाधान गरिने बताउनुभयो।

महासङ्घ सप्तरीका अध्यक्ष जीतेन्द्र खड्गाले लोककल्याणकारी विज्ञापन प्रकाशन गरेवापत पाइने रकम जिल्लाबाटै भुक्तानी हुने व्यवस्था मिलाउनुपर्ने माग गर्नुभयो। महासङ्घ झापाका अध्यक्ष तारामणि सापकोटाले सङ्घ, प्रदेश र स्थानीय सबै निकायमा सञ्चारमाध्यम दर्ता गर्ने व्यवस्था मिलाउन आग्रह गर्नुभयो। महासङ्घ स्याङ्जाका अध्यक्ष ओमप्रकाश शर्माले पत्रकारिता अध्ययन गर्न चाहने पत्रकारका लागि छात्रवृत्तिको माग गर्नुभयो। महासङ्घका सचिव शीतलप्रसाद महतोले आमसञ्चारमाध्यम विषयवस्तु र सहभागिताको हिसाबले समावेशी हुनुपर्नेमा जोड दिनुभयो।

# प्रधामन्त्री ओलीबाट अदालतमा लिखित जवाफ पेश

काठमाडौँ, ६ फागुन (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले स्वयं उपस्थित भई अदालतको अवहेलनाविरुद्धको मुद्दामा बिहीबार सर्वोच्च अदालतमा लिखित जवाफ पेश गर्नुभएको छ। अदालतले प्रधानमन्त्री ओलीलाई अदालतको अवहेलना मुद्दामा सात दिनभित्र सबै बेहोरा खुलाई आफैँ लिखित जवाफ पेश गर्न गत माघ १५ गते आदेश जारी गरेको थियो।

'सर्वोच्च अदालतको मान, सम्मान र मर्यादाका लागि' आफैँ उपस्थित भएर उहाँले लिखित जवाफ पेश गर्नुभएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाले जानकारी दिनुभयो। प्रधानमन्त्रीले लिखित जवाफ मात्र दिए पनि हुनेमा अदालतको सम्मान गर्दै आफैँ आएर पेश गर्नुभएको उहाँले बताउनुभयो।

न्यायाधीश डा मनोज शर्माको एकल इजलासले जारी गरेको आदेशमा "म्याद प्राप्त भएका मितिले बाटाको म्यादबाहेक सात दिनभित्र सबै बेहोरा खुलाई आफैँ लिखित जवाफ पेश गर्नुहोला", भनिएको थियो।

वरिष्ठ अधिवक्ता डा कुमार शर्मा आचार्य र अधिवक्ता कञ्चनकृष्ण न्यौपानेले सर्वोच्च अदालत, संवैधानिक इजलासमा प्रतिनिधिसभा विघटनसम्बन्धी विचाराधीन मुद्दामा अभिव्यक्ति दिएर प्रधानमन्त्रीले न्याय सम्पादनमा अवरोध गरेको उल्लेख गर्दै अदालतको अवहेलना मुद्दा दायर गर्नुभएको थियो। सोही प्रकृतिको आदेशानुसार चार पूर्वप्रधानन्यायाधीश मीनबहादुर रायमाझी, अनुपराज शर्मा, कल्याण श्रेष्ठ र सुशीला कार्कीले पनि लिखित जवाफ पेश गरिसक्नुभएको छ।

# पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको विरोध

**दैनिक समाचारदाता**
**काठमाडौं, ६ फागुन।**

नेकपा दाहाल नेपाल समूहनिकट अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियनले बिहीबार पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको विरोध गर्दै प्रदर्शन गरेको छ।

पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि सरकारले तत्काल फिर्ता लिनुपर्ने भन्दै विभिन्न क्याम्पसअगाडि विरोध प्रदर्शन गरेका हुन्।

उनीहरूले मूल्यवृद्धि फिर्ता गर, महँगी बढाउन पाइँदैन, जनतामाथि ऋणको भार यही हो तिम्रो समाजवाद लगायतका नारा लगाएका थिए भने काठमाडौंको प्रदर्शनी मार्गस्थित रत्नराज्यलक्ष्मी क्याम्पस अगाडि विद्यार्थीहरूले टायर बालेर विरोध प्रदर्शन गरेका थिए।

नेपाल आयल निगमले मंगलबार रातिदेखि लागू हुनेगरी पेट्रोलमा प्रतिलिटर २ रुपैयाँ मूल्य बढाएको छ।

यससँगै पेट्रोलको मूल्य प्रतिलिटर १ सय १४ रुपैयाँ पुगेको छ भने डिजेल ९७ रुपैयाँ, मट्टीतेल ९७ रुपैयाँ र हवाई इन् न ६७ रुपैयाँ कायम भएको छ। यसअघि पनि सरकारले मुल्य बृद्धि गरेको थियो जसमा खाना पकाउने ग्यासको प्रति सिलिन्डर ५० रुँपैया बढोत्तरी रहेको थियो।

## तिलाठीमा ...

खेलाडीहरुको मनोबल बढाउन विभिन्न कार्यक्रम बनाएको जानकारी दिए।

वडा अध्यक्ष दिनेश्वर मिश्रले परम्परागत रुपमा हुँदै आएको कुस्ती खेलप्रति अहिले पनि जनमानसमा निकै लोकप्रियता रहेको बताए।

वडा अध्यक्ष मिश्रकै अध्यक्षतामा आयोजित उद्घाटन कार्यक्रममा स्व. मिश्रकी आमा चपलादेवी, जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, जसपा प्रदेश २ का मुख्य सचिव शम्भु झालगायतको पनि उपस्थिति रहेको थियो।

## निर्वाचन आचारसहिता ...

र २७ गते प्रतिनिधिसभाको निर्वाचनको तयारीका रुपमा यस अन्तरक्रियालाई लिइएको छ। यअघि पनि गत महिना निर्वाचन कार्यालयले पहिलो पटक निर्वाचन सम्बन्धी कार्यक्रम गरेको थियो।

आयोजित अन्तरक्रियामा सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरे, नेपाल प्रहरीका डिएसपी भुवनेश्वर साह, सशस्त्र प्रहरीका डिएसपी श्याम मणि, नेकपा (ओली पक्ष) का अशोक यादव, नेमकिपाका दिगम्बर यादव, विभिन्न सरकारी कार्यालयका प्रतिनिधि तथा संचारकर्मीहरुको उपस्थिति रहेको थियो।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस्।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np